मिति: २०८१।११।०५ गते

समय: बिहान १:०० बजे

बैठक सङ्ख्या : ९६

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्वरबहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रवहादुर लिम्वू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

पेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पेटाङ, धरान
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | पुरनमाया |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री विष्णुप्रसाद सुवेदी | सदस्य सचिव | |

श्री. पुष्पा बोहोरा लेखा अधिकृत
श्री. चेतनाथ गौतम अधिकृतस्तर आठौं
श्री. भानुभक्त राई इन्जिनियर
श्री. हेमन्त थापा मगर it officer
श्री. रवि दुवेदी प्रशासन शाखा
श्री. परल्हाद खड्का सचिवालय

मिति २०८१ साल फागुन ०५ गते सोमबार बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | प्रस्तावित निर्णय |
|---|---|---|
| १ | समिक्षा सम्वन्धमा । | अघिल्लो कार्यपालिका बैठकका २ वटा निर्णयहरु कार्यान्वयन सम्पन्न भएको पाईयो। |
| २ | बालमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखिकरण | लेटाङ नगरपालिकाको बालमैत्रि स्थानीय शासन सम्वन्धी अभिमुखिकरण परामर्शदाता श्री एक्टिभ नेपालकाका तर्फबाट सम्पन्न गरियो । चालु आ.व. २०८१/८२ भित्र लेटाङ नगरपालिका वडा नं. ४ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको प्रतिबध्दता व्यक्त गर्दै आगामी २ वर्ष भित्र बालमैत्री नगर बनाउन प्रतिबध्दता व्यक्त गर्ने र बाल मैत्री स्थानीय शासनयुक्त नगर घोषणाका लागि सरोकारवाला सबै पक्षलाई आवश्यक समन्वय र सहयोग गर्न अनुरोध गर्ने ।<br>बाल मैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६ बमोजिम तपसिल बमोजिमको बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने ।<br>बालमैत्री स्थानीय शासन नगर समिति |

| पद | नामथर | कार्यालयगत/संस्थागत पद |
|---|---|---|
| अध्यक्ष | भुपेन्द्र कुमार लावती | नगर प्रमुख, लेटाङ नगरपालिका |
| उपाध्यक्ष | कृष्ण कुमारी निरौला | नगर उप-प्रमुख लेटाङ नगरपालिका |
| सदस्य | विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत लेटाङ न.पा. |
| सदस्य | राकेश रेग्मी | स्थानीय प्रहरी कार्यालयको प्रमुख |
| सदस्य | वडाध्यक्षज्यूहरु सबै | लेटाङ नगरपालिका |
| सदस्य | कार्यपालिका सदस्य सबै | लेटाङ नगरपालिका |
| सदस्य | चन्द्र राई | पहाडी ग्रामीण विकास संस्था |
| सदस्य | शारदा भट्टराई | ग्रामीण महिला विकास केन्द्र |
| सदस्य | पुर्ण बहादुर तामाङ | महाभारत मा.वि. |
| सदस्य | | स्वास्थ्य ब्यवस्थापन समितिबाट |
| सदस्य | धनमाया पाण्डे | शिक्षा विकास मा.वि. |
| सदस्य | सीता अधिकारी | महिला स्वास्थ्य स्वयमसेविका |
| सदस्य | | बाल सञ्जालका अध्यक्ष बालक |
| सदस्य | | बाल सञ्जालका सदस्य बालिका |
| सदस्य | भीमा नेपाल | ओरेक नेपाल |
| सदस्य सचिव | सुश्मा कोईराला | महिला तथा बालबालिका शाखा प्रमुख |

| | | |
|---|---|---|
| ३ | प्रमुख प्रशासकीय अधिकृतको स्वागत । | लेटाङ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद सुवेदीलाई सुशासन, सेवा प्रवाह र विकास ब्यवस्थापनमा थप सुधारको अपेक्षा सहित स्वागत गरियो। |

विष्णुप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ

**४ — समपुरक योजना छनौट सम्वन्धमा ।**

लेटाङ नगरपालिका अन्तरगत राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना वमोजिम आ.व. २०८२/८३ को लागि तपसिल वमोजिमको समपुरक आयोजना प्रस्ताव तयार गरी पेश गर्ने ।

| प्राथमिकताक्रम | आयोजनाको नाम | संचालन हुने स्थान | अवस्था | क्षेत्र |
|---|---|---|---|---|
| पहिलो प्राथमिकता | अन्तर धार्मिक शान्ती पार्क | लेटाङ नगरपालिका वडा नं.१ | क्रमागत आव २०८०/८१ वाट संचालन भएको तेश्रो वर्ष | पर्यटन पुर्वाधार |
| दोश्रो प्राथमिकता | जाते लालझोडा गडमे खोलामा मोटरेबल ट्रस्ट ब्रिज निर्माण | लेटाङ नगरपालिका ८ | नयाँ | यातायात पुर्वाधार |

**५ — विषेश अनुदान सम्वन्धमा ।**

लेटाङ नगरपालिका अन्तरगत राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना वमोजिम आ.व. २०८२/८३ को लागि तपसिल वमोजिमको विषेश आयोजना प्रस्ताव तयार गरी पेश गर्ने ।

| प्राथमिकताक्रम | आयोजनाको नाम | संचालन हुने स्थान | अवस्था | क्षेत्र |
|---|---|---|---|---|
| पहिलो | शान्ती भगवती माध्यमिक विद्यालयको अधुरो छात्राबासको तला थप । | लेटाङ नगरपालिका ४ | अधुरो भवन पुर्ण गर्ने । | शिक्षा |

**६ — प्रदेश योजना आयोग मार्फत प्रदेश योजना वैंकमा प्रविष्टका लागि योजना छनौट सम्वन्धमा ।**

कोशी प्रदेशस्तरिय आयोजना वैंकमा योजना प्रविष्टि गर्ने प्रयोजनका लागि विस्तृत लागत अनुमान तथा जग्गा प्राप्ति सम्वन्धी समस्या नभएका र कार्यान्वयनयोग्य योजना छनौट गरी यथासिघ्र पठाउने ।

**७ — जग्गा वर्गिकरण सम्वन्धी गुनासो गर्ने सूचनाको समय अवधि थप गर्ने सम्वन्धमा ।**

जग्गा वर्गिकरणको विषयमा गुनासो गर्ने सम्वन्धी मिति २०८१/१०/१८ गते प्रकाशित सूचना वमोजिम गुनासो आउनेक्रम जारी रहेको र गुनासो गर्ने अवधि कम भएको भन्ने गुनासो समेत प्राप्त भएकोले जग्गा वर्गिकरण सम्वन्धी गुनासो गर्ने अवधी अन्तिम पटकको लागि १५ दिन थप गर्न सहमती प्रदान गर्ने ।

**८ — नदिजन्य पदार्थको उत्खनन् संकलन तथा विक्री व्यवस्थापन सम्वन्धमा ।**

१. चिसाङ खोलावाट नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री सम्वन्धी मिति २०८१/०९/२१ गते प्रकाशित सूचना बमोजिम प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी मुल्यांकन समितिबाट देहाय बमोजिमको अवस्था आएको र सो को कार्यपालिकाबाट निर्णय हुन आवश्यक ठानी मुल्यांकन समितिले निर्णयार्थ पेश भएको सम्वन्धमा देहाय बमोजिम हुने ब्यवस्था गर्ने ।

<u>मुल्यांकन समितिले पेश गरेको विषय अवस्था</u>

प्राप्त वोलपत्रहरुको मुल्यांकन गर्दा सवै भन्दा बढी रकम कवोल गर्ने वोलपत्रले

विष्णुप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश,

मुल्य अभिवृध्दि करले सहितको कवोल अंकको ५ प्रतिशत जमानत राख्नुपर्ने मा कुल कवोल अंक रु ३,१०,७५,०००।– को ५ प्रतिशतले हुने रकम रु १५,५३,७५०।– जमानत राख्नु पर्नेमा रु १५,५०,०००।– मात्र जमानत राखेको र ३०००।– धरौटी खातामा जम्मा गरेको पाईयो । सो पछिको बोलपत्रदाताको रकम पहिलो भन्दा २३,६८,०००।– रकम कम हुने देखिएको हुदा निजको प्रस्ताव अस्विकृत गर्ने वा अधिकतम कवोल गर्नेले पेश गरेको विवरणलाई सामान्य त्रुटी मानि स्वीकृत गर्ने भन्ने विषयमा निर्णयका लागि मुल्यांकन समितिवाट निर्णयार्थ पेश भएको ।

<u>निर्णय गर्नको लागि लिईएको कानून आधार</u>

सार्वजनिक खरिद नियमावलीको नियम ६१ को उपनियम ८ मा वोलपत्र सम्बन्धी कागजातमा उल्लेखित क्षेत्र गुणस्तर विशेषता शर्त कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भिर असर नपर्ने सार्वजनिक निकायलाई स्विकार्य सानातिना फरक भएका वोलपत्रलाई सारभूतरुपमा प्रभावग्राही मानिनेछ भन्ने वाक्यांशका आधारमा ।

प्रथम बढी कवोल गर्ने वोलपत्रदाता र दोश्रो अंक कवोल गर्ने वोलपत्रदाताको प्रस्तावको अंक फरक रकम रु २३,६८,०००।– रहेको र नदिजन्य पदार्थ विक्री वापत प्राप्त हुने आय प्रदेश र स्थानीय तहको विभाज्य कोषमा दाखिला हुने र विभाज्य कोषवाट वाडफाँड समेत हुने भएको हुनाले तथा पेश भएको विषय सानातिना फरक देखिएको तथा वढी कवोल अंक प्रस्ताव गर्ने प्रस्तावदातालाई अस्विकृत गर्दा नगरपालिकालाई २३,६८,०००।– राजश्वमा संकुचन हुने देखिएको हुदा अधिकतम कवोल अंक प्रस्ताव गर्ने वोलपत्रदाताको वोलपत्र सारभुतरुपमा प्रभावग्राही मानी विक्री प्रकृया अगाडि वढाउन निर्देशन दिने ।।

मोरङ्गी र तेलीखोलावाट नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री सम्वन्धी मिति २०८१/०९/२१ गते प्रकाशित सूचना वमोजिम प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी मुल्यांकन समितिवाट पेश भए वमोजिम अधिकतम रकम मुल्य अभिवृध्दि कर वाहेक रु १९५५८०००।– कवोल गर्ने सुनवर्षि निर्माण तथा ढुवानी सेवाको स्वीकृत प्रस्ताव अनुमोदन गर्ने ।

| ९ | प्रथम लेटाङ नगरपालिका स्तरिय खेलकुद महोत्सव कार्यक्रम संचालन व्यवस्थापन सम्वन्धमा । | लेटाङ नगरपालिकास्तरिय खेलकुद महोत्सव मिति २०८१/११/०३ गते देखि मिति २०८१/११/७ गतेसम्म संचालनक्रममा रहेकोहुदा खेलकुद महोत्सवलाई सफलतापुर्वक सम्पन्न गर्न अनुरोध गर्ने ।<br>नगर खेलकुद विकास समितिको मिति २०८१/१०/२८ गतेको निर्णय वमोजिम खेलकुद कार्यक्रममा खटिने विधागत खेल संचालक तथा निर्णयकर्ताहरुको पारिश्रमिक (कर समेत ) देहाय वमोजिम हुने । |
|---|---|---|

| क.सं. | विधा | पारीश्रमिक |
|---|---|---|
| १ | महिला भलिवल | १८००० |
| २ | पुरूष भलिवल | १८००० |
| ३ | फुटवल | ४०००० |
| ४ | क्रिकेट | २०००० |
| ५ | ब्याटमिन्टन | ५००० |

विष्णुप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>चेस</td><td>५०००</td></tr>
<tr><td>७</td><td>बाघचाल</td><td>५०००</td></tr>
<tr><td>८</td><td>टेबल टेनिस</td><td>५०००</td></tr>
<tr><td>९</td><td>u १३ ३ कि.मि. म्याराथन दौड केटा र केटी</td><td>५०००</td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td>प्रथम लेटाङ नगरपालिका स्तरिय खेलकुद महोत्सव कार्यक्रम संचालन व्यवस्थापन सम्वन्धमा ।</td><td>प्रथम लेटाङ नगरपालिकास्तरिय खेलकुद महोत्सवमा तोकिए बमोजिमका नौ विधाका खेलहरुमा विजेताहरुलाई खेलकुद विकास समितिबाट पेश भए बमोजिम तपसिल बमोजिमको पुरस्कार रकममा नियमानुसार कर कट्टी गरि प्रदान गर्न सहमती प्रदान गर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>विधा</th><th>प्रथम पुरस्कार</th><th>दोश्रो पुरस्कार</th><th>तेश्रो पुरस्कार</th><th>सान्त्वना</th></tr>
<tr><td>१</td><td>महिला भलिवल</td><td>४००००</td><td>२७०००</td><td>१३५००</td><td>-</td></tr>
<tr><td>२</td><td>पुरुष भलिवल</td><td>४००००</td><td>२७०००</td><td>१३५००</td><td>-</td></tr>
<tr><td>३</td><td>फुटवल</td><td>५००००</td><td>३००००</td><td>२००००</td><td>-</td></tr>
<tr><td>४</td><td>क्रिकेट</td><td>४००००</td><td>२७०००</td><td>१३५००</td><td>-</td></tr>
<tr><td>५</td><td>ब्याडमिन्टन</td><td>१६०००</td><td>१००००</td><td>६०००</td><td>-</td></tr>
<tr><td>६</td><td>चेस</td><td>८०००</td><td>५०००</td><td>३०००</td><td>-</td></tr>
<tr><td>७</td><td>बाघचाल</td><td>८०००</td><td>५०००</td><td>३०००</td><td>-</td></tr>
<tr><td>८</td><td>टेबल टेनिस</td><td>८०००</td><td>५०००</td><td>३०००</td><td>-</td></tr>
<tr><td>९</td><td>U 13 ३ कि.मि.म्याराथुन दौड केटा र केटी</td><td>८०००</td><td>६०००</td><td>४०००</td><td>३०००</td></tr>
</table>
</td></tr>
<tr><td>११</td><td>नदिजन्य पदार्थ मौज्दात प्रमाणिकरण सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाभित्र संकलन गरिएका ढुङ्गाहरुको मौज्दात प्रमाणिकरण नगर्ने र मौज्दात प्रमाणीकरण गरिएका सामाग्री यथासक्य व्यवस्थापन गर्न सरोकारवालाहरुलाई जानकारी गराउने ।</td></tr>
<tr><td>१२</td><td>कार्यालयलाई एकिकृत कार्यालय व्यवस्थापन प्रणालीमा आवध्दताका लागि सम्वन्धित निकायलाई अनुरोध गर्ने सम्वन्धमा ।</td><td>लेटाङ नगरपालिकाको पन्ध्रौ नगरसभाको अधिवेशनले अफिस अटोमेसन गरि प्रविधिमैत्री वनाउने भनि निर्णय भए बमोजिम एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को सेवा यस नगरपालिकामा लागु गर्ने प्रतिबध्दता व्यक्त गर्दै नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालय सूचना प्रविधि विभागमा एकिकृत कार्यालय व्यवस्थापन प्रणालीमा आवध्दताका लागि अनुरोध गर्ने ।</td></tr>
<tr><td>१३</td><td>बजेट विनियोजन सम्वन्धमा।</td><td>१.लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित हाटवजारमा विद्युत विस्तारको आवश्यक देखिएकाले उक्त क्षेत्रमा विद्युत विस्तारका लागि प्राविधिक लागत अनुमान बमोजिम रू१२७७४३।३४ बजेट बिनियोजन गर्ने। (श्रोत: विद्युत विस्तार कार्यक्रम)<br>२.लेटाङ नगरपालिका वडा नं २ को वडा कार्यालयमा रूख लडी कम्पाउण्ड वाललाई क्षति पुर्याएकोले उक्त रूख व्यवस्थापन तथा कम्पाउण्ड वाल पुन निर्माणका लागि प्राविधिक स्टमेट बमोजिम रू७००००/- बजेट विनियोजन गर्ने। (श्रोत: विपद् व्यवस्थापन कोष)<br>३.लेटाङ नगरपालिकामा संचालन भईरहेको खेलकुद प्रशिक्षण कार्यक्रम अन्तर्गत</td></tr>
</table>

विष्णुप्रसाद सुवेदी
प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | भलिबल खेल प्रशिक्षण संचालित भईरहेकोमा तालिम सन्तोष जनक रहेकाले थप एक महिना तालिम संन्चालनका लागि बजेट विनियोजन गरिदिनुहुन भने बमोजिम उक्त प्रशिक्षणका लागि रू६०००० बजेट विनियोजन गर्ने(श्रोतः कार्यक्रम खर्च) |
| ४ | वडा सिमाना सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ र वडा नं ६ को साविक सिमाना अनुसार पार्टिखेत क्षेत्रका सबै कित्ताहरू लेटाङ वडा नं ६ मा कायम हुनुपर्नेमा भौगोलिक नक्सामा भूगोल अनुसार वडा सिमाना फरक पर्न गएको भनि गुनासो प्राप्त भएको हुँदा उक्त सिमानाका विषयमा आवश्यक जाँचबुझ गरी सिफारिस गर्न तपसिल बमोजिमको सिमाना हेरफेर सहजिकरण समिति गठन गर्ने र सो कार्यका लागि आवश्यक विज्ञ प्राविधिक सहयोग र सहजिकरणका लागि नापी कार्यालय वेलबारी तथा मालपोत कार्यालय वेलबारी मोरङलाई अनुरोध गर्ने ।<br>सहजिकरण समिति<br>संयोजक – नगर प्रमुख श्री भुपेन्द्र लावती<br>सदस्य - नगर उप प्रमुख श्री कृष्ण कुमारी निरौला<br>सदस्य – प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य - वडा नं. १ का वडाध्यक्ष श्री विष्णु कुमार मगर<br>सदस्य - वडा नं. २ का वडाध्यक्ष श्री जंगविर तामाङ<br>सदस्य- ईन्जिनियर श्री भानुभक्त राई<br>सदस्य - अमिन श्री दिर्घायु लिम्वु<br>आमन्त्रित विज्ञ सदस्य - नापी कार्यालय वेलवारी<br>आमन्त्रित विज्ञ सदस्य -मालपोत कार्यालय मोरङ संग माग गर्ने । |
| १५ | रकमान्तर सम्वन्धमा। | लेटाङ नगरपालिका वडा नं २ मा अवस्थित मलामी चिसाङ गंगा दिव्य मोक्ष घाट लेटाङ-२ मा रहेको मलामी विश्राम स्थलमा जस्तापाता नभएको कारण समस्या भएको भनी माग निवेदन प्राप्त भएकाले उक्त कार्य अति आवश्यक देखिएकाले वडा नं २ को आ.व.२०८१।८२ को स्विकृत कार्यक्रम नौमती बाजा खरिद शिर्षकबाट रू१०००००।– बजेट आगामी नगरसभाबाट अनुमोदन हुने गरी रकमान्तर गर्ने। |
| १६ | सामाग्री हस्तान्तरण सम्वन्धमा। | लेटाङ नगरपालिकामा मोरङ जिल्ला अदालतको मितिः२०८१।१०।३० गतेको चं नं. ७९२९ भएको पत्रानुसार कम्प्युटर तथा प्रिन्टर माग गरेकोमा माग बमोजिम एक थान कम्प्युटर र एक थान प्रिन्टर उपलब्ध गराउने।(श्रोतः मेसिनरी तथा औजार) |

विष्णुप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत